




राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क २१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ माघ २१ गते शुक्रबार ❑ 4 Feb. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## संक्रमणदर घट्दै, स्वास्थ्यमा मापदण्ड उल्घङ्घन बढ्दै

**रासस**
**काठमाडौं, २० माघ**

नेपालमा कोरोना भाइरसको सङ्क्रमण दर घट्दै गएको छ । माघको पहिलो हप्ता उच्च रहेको सङ्क्रमणको दर क्रमशः घट्दै गएको छ।

सङ्क्रमणदर घट्दै गएपछि निको हुनेको दर पनि बढेको छ । माघ ८ गते कूल परीक्षण गरिएकामध्ये ५०.८ प्रतिशतमा रहेको सङ्क्रमण माघ १९ गते आइपुग्दा ३१.४ प्रतिशत रहेको छ। माघ ८ गते २० हजार १८७ परीक्षण गर्दा १० हजार २५४ मा सङ्क्रमण पुष्टि भएको थियो । हिजो माघ १९ गते बुधबार ११ हजार ५८२ परीक्षणमा तीन हजार ६३७ जनामा सङ्क्रमण भएको थियो ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सहप्रवक्ता डा समीरकुमार अधिकारीले सङ्क्रमण दरको अनुपात घटेको बताउनुभयो। मानिसमा खोप लगाउने र रोगप्रतिरोधात्मक क्षमता बढेकाले सङ्क्रमणमा कमी आएको उहाँको भनाइ थियो । उहाँले सङ्क्रमण दरको अनुपात घटे पनि जोखिम भने बढेको बताउनुभयो । हिजो माघ १९ गते सात हजार ५५५ जना सङ्क्रमणबाट निको भएर घर फर्किएका छन् । अहिले निको हुने दर ९१.६ प्रतिशत पुगेको छ।

सबभन्दा धैरै सङ्क्रमण माघ ६ गते २७ हजार ४९७ परीक्षणमा १२ हजार ३३८ सङ्क्रमण पुष्टि भएको थियो। सक्रिय सङ्क्रमित ५७ हजार ३२८ जना रहेका थिए। उक्त दिन सङ्क्रमणको दर ४४.९ प्रतिशत रहेको थियो । सङ्क्रमण दर माघ ११ गतेदेखि ओरालो लागेको छ । माघ ११ गते कूल परीक्षण गरिएकामध्ये ४६.३ प्रतिशतमा रहेको सङ्क्रमण दर क्रमशः ओरालो लागेको मन्त्रालयले जनाएको छ। माघ १२ गते ४१.५ प्रतिशत, माघ १३ गते ३६.८ प्रतिशत, माघ १४ गते ३४.४ प्रतिशत, माघ १५ गते ३३.७ प्रतिशत, माघ १६ गते २६.९ प्रतिशत, माघ १७ गते ३२.९ प्रतिशत, माघ १८ गते ३१.६ प्रतिशत रहेको छ।

सङ्क्रमण दर कम हुन थालेपछि जनजीवन सामान्य बन्दै गएको छ । सरकारले सङ्क्रमण दर बढ्दै गएपछि माघ ६ गतेदेखि उपत्यकामा सवारीसाधनमा जोर गते जोर नम्बर र बिजोर गते बिजोर नम्बर प्रणाली लागू गरेको थियो तर अहिले भने सङ्क्रमण दर घट्दै गएपछि भने भाडाका सवारी साधनबाहेक सबैमा जोर र बिजोर प्रणाली लागू गरेको छ। मानिसमा सङ्क्रमण घट्दै गए पनि स्वास्थ्यका मापदण्ड भने लागू नगरेको पाइएको छ । भीडभाडमा जाने, मास्क नलगाउने, साबुन पानीले हात नधुने तथा सेनिटाइजर प्रयोग नगर्ने, भौतिक दूरी कायम नराख्ने जस्ता क्रियाकपाल भइरहेको छ । हाल होम आइसोलेशनमा ६७ हजार ८२५, संस्थागत आइसोलेशनमा एक हजार ४६६, आइसियुमा २७० र भेन्टिलेटरमा ५२ जनाको उपचार हुँदैछ । कोभिड-१९ केन्द्रीय युनिफाइड (वीर अस्पताल) अस्पतालका प्रमुख प्रशासकीय अधिकृत डा भूपेन्द्रकुमार बस्नेतले अहिलै अस्पतालमा आउने सङ्क्रमितको सङ्ख्या आधाले घटेको बताउनुभयो । उहाँका अनुसार पहिले दैनिक ३० देखि ४० सङ्क्रमित आउने गरेकामा अहिले १५ देखि २० मात्रा आउने गर्दछन् । उहाँ कोरोना भाइरस विरुद्धको खोपले रोग प्रतिरोधात्मक क्षमताको विकास गरेकाले सङ्क्रमित हुने सङ्ख्या घटेको बताउनुहुन्छ। अस्पतालमा अहिले १६३ जना सङ्क्रमितको उपचार भइरहेको छ। तीमध्ये ३५ को सघन उपचार कक्ष (आइसियु), आठको भेन्टिलेटरमा उपचार भइरहेको छ।

सशस्त्र प्रहरी बल अस्पतालमा २० हाई डिपेन्डेन्सी युनिट (एचडियु), पाँच आइसियु र एक भेन्टिलेटरमा उपचार भइरहेको छ। शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालमा दुई आइसियु र दुई भेन्टिलेटरमा उपचार भइरहेको छ।

सरकारले निरन्तर कोरोना भाइरस विरुद्धको खोप अभियान सञ्चालन गरिरहेको छ । अहिले पनि १२ वर्षदेखि माथिका सबैलाई खोप लगाउनका लागि अभियान नियमित सञ्चालन छ । पहिलो र दोस्रो मात्रा तथा बुष्टर डोज दिइरहेको छ । अहिलेसम्म चार करोड ५७ लाख आठ हजार ६४० मध्ये तीन करोड २४ लाख ५८ हजार २९९ मात्रा खोप लगाइएको छ । यस्तै अहिलेसम्म कोरोना भाइरस विरुद्धको बुस्टर डोज चार लाख ८४ हजार ४७९ मात्रा लगाइसकेका छन् । अहिलेसम्म लक्षित जनसङ्ख्यामध्ये ८६.१ प्रतिशतले पहिलो मात्रा र ७४.४ प्रतिशतले पूर्ण मात्राको खोप लगाइसकेका छन् । कूल जनसङ्ख्याको ५६.४ प्रतिशतले पहिलो मात्रा र ४८.८ प्रतिशतले पूर्ण मात्राको खोप लगाइसकेका छन् । सरकारको आगामी चैत मसान्तभित्र लक्षित सबै जनसङ्ख्यालाई खोप लगाउने योजना रहेको छ। अहिले सार्वजनिक ठाउँमा खोप लगाएको कार्ड अनिवार्य गरिएपछि सबै नागरिकले खोप लगाइरहेका छन्।

## गण्डकीमा २९० मा कोरोना संक्रमण, एकको मृत्यु

**पोखरापत्र संवाददाता**
**पोखरा, २० माघ**

गण्डकी प्रदेशमा पछिल्लो २४ घण्टामा थप २९० जनामा कोरोना सङ्क्रमण देखिएको छ।

प्रदेशभित्रका विभिन्न अस्पताल तथा प्रयोगशालामा गरिएको एन्टिजेन र पीसीआर परीक्षणमा १३५ महिला र १५५ पुरुषमा कोरोना सङ्क्रमण देखिएको स्वास्थ्य निर्देशनालय, प्रदेश स्वास्थ्य आपत्कालीन कार्यसञ्चालन केन्द्रका संयोजक नवराज शर्माले जानकारी दिनुभयो।

सङ्क्रमित हुनेमा कास्कीका १७९, स्याङ्जाका २६, बाग्लुङका १९, लमजुङका १७, म्याग्दीका १५, तनहुँका १४, मुस्ताङका नौ, पर्वतका पाँच, नवलपरासी पूर्वका चार, गोरखा र मनाङका एक/एक रहेका छन् । प्रदेशमा कोरोना सङ्क्रमणका कारण थप एकको मृत्यु भएको छ । स्याङ्जाको वालिङ नगरपालिका-१० का ६४ वर्षीय कोरोना संक्रमित पुरुषको बिहीबारदिनको १२.५० बजे पोखरामा उपचारका क्रममा मृत्यु भएको निर्देशनालयले जनाएको छ। निजमा गत माघ १८ गते कोरोना संक्रमण पुष्टि भएको थियो।

## थप तीन हजार १७५ जनामा कोरोना संक्रमण पुष्टि

**रासस**
**काठमाडौं, २० माघ**

देशभर पछिल्लो २४ घण्टामा थप तीन हजार १७५ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको छ । पछिल्लो २४ घण्टामा १२ हजार ६०५ को नमूना परीक्षण गरिएको थियो । दश हजार २६ को पीसीआर र दुई हजार ५७९ को एन्टिजेन विधिबाट परीक्षण गरिएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ।

गत २४ घण्टामा आठ हजार ७२३ जना कोरोना भाइरसबाट सङ्क्रमणमुक्त भएका छन् । यससँगै सङ्क्रमण मुक्त हुनेको सङ्ख्या आठ लाख ८७ हजार ४४३ पुगेको छ । निको हुने दर ९२ दशमलव दुई प्रतिशत रहेको मन्त्रालयले जनाएको छ। नेपालमा पीसीआर विधिबाट कोरोना परीक्षण गर्दा नौ लाख ६२ हजार ५१७ र एन्टिजेन विधिबाट एक लाख ३२ हजार ५४६ जना सङ्क्रमित भएको मन्त्रालयले जनाएको छ। पीसीआर विधिबाट परीक्षण गर्नेको सङ्ख्या ५२ लाख ५७ हजार १७५ र एन्टिजेन विधिबाट परीक्षण गर्नेको सङ्ख्या नौ लाख ८१ हजार ३७१ पुगेको छ । कूलमा सङक्रमण दर १८ दशमलव तीन प्रतिशत छ।

कोभिड विरुद्धको खोप लगाउनेको सङ्ख्या पछिल्लो २४ घण्टामा दुई लाख ६६ हजार ५४० रहेको छ । हाल सक्रिय सङ्क्रमितको सङ्ख्या ६३ हजार २९६ रहेको छ । पछिल्लो २४ घण्टामा कोरोनाबाट १४ जनाको मृत्यु भएको मन्त्रालयले जनाएको छ । अहिलेसम्म कोरोनाबाट मृत्यु हुनेको सङ्ख्या ११ हजार ७७८ पुगेको छ । कोरोनाबाट हुने मृत्युदर एक दशमलव तीन प्रतिशत छ । प्रति १० लाख जनसङ्ख्यामा मृत्युदर ३८७ दशमलव सात रहेको छ।

हाल भेन्टिलेटरमा रहनेको सङ्ख्या जम्मा ५९ र आइसियूमा २८१ छ । होम आइसोलेशनमा ६१ हजार ८६२, संस्थागत आइसोलेशनमा एक हजार ४३४ र क्वारेन्टिनमा १३८ जना रहेका छन्। हाल देशभरमा ५०० भन्दा बढी सक्रिय सङ्क्रमित भएका जिल्लामा मोरङ, सुनसरी, झापा, धनुषा, काठमाडौँ, ललितपुर, भक्तपुर, चितवन, मकवानपुर, काभ्रेपलाञ्चोक, कास्की, नवलपरासी पूर्व, बाँके, रुपन्देही, र कैलाली रहेका छन्। दुई सयभन्दा बढी उपचारार्थ सङ्क्रमित रहेका जिल्लामा सिरहा, सप्तरी, पर्सा, बारा, महोत्तरी, सर्लाही, धादिङ, सिन्धुपाल्चोक, सिन्धुली, नुवाकोट, गोरखा, स्याङ्जा, बाग्लुङ, तनहुँ, गुल्मी, पाल्पा, बर्दिया, दाङ, सुर्खेत र कञ्चनपुर छन् । उपत्यकाका तीन जिल्लामध्ये हाल काठमाडौँमा २१ हजार ७३६, ललितपुरमा नौ हजार ३६० र भक्तपुरमा चार हजार ६५२ सक्रिय सङ्क्रमित रहेको मन्त्रालयले जनाएको छ।

नेपालले कोभिड-१९ विरुद्धको खोप अभियानमा नयाँ कोसेढुङ्गा पार गरेको छ। नेपालले १८ वर्षमाथिको उमेर समूहका ७० प्रतिशत व्यक्तिलाई पूर्ण खोप प्रदान गरेको हो।

विश्व स्वास्थ्य सङ्गठन (डब्ल्यूएचओ) ले ७० प्रतिशत वयस्कलाई कोभिड विरुद्धको पूर्ण खोप प्रदान गर्न सफल भएकामा नेपाललाई बधाइ पनि दिएको छ। नेपाल सरकारले चैत्र मसान्तसम्म १८ वर्षमाथिका सतप्रतिशत नागरिकलाई पूर्ण खोप लगाइसक्ने लक्ष्यसहित देशभर खोप अभियान चलाइरहेको छ।

## पर्यटक आउन थाले, जनवरीमा १६ हजार बढी नेपाल भित्रिए

**पोखरापत्र संवाददाता**
**पोखरा, २० माघ**

कोभिड-१९ महामारीले नराम्ररी थलिएको मुलुकको पर्यटन क्षेत्र विस्तारै तङ्ग्रिँदैछ।

कोभिडको तेस्रो लहरसम्म आइपुग्दा महामारीको असहज परिस्थितिमा पनि विदेशी पर्यटक आगमन सकारात्मक पाइएको छ। कोभिडको पछिल्लो ओमिक्रोन भेरियन्टको त्रासले पर्यटन क्षेत्र निकै सशङ्कित भए पनि यसको प्रभाव कम रहेको र कोभिड विरुद्धको खोप आधाभन्दा बढी जनसङ्ख्याले लगाइसकेकाले पर्यटन क्षेत्र विस्तारै चलायमान हुने देखिन्छ। पर्यटक आगमनको पछिल्लो आँकडाले पनि यसलाई पुष्टि गर्छ।

अध्यागमन विभागलाई उधृत गर्दै नेपाल पर्यटन बोर्डले उपलब्ध गराएको तथ्याङ्कअनुसार सन् २०२२ को जनवरी महिनामा १६ हजारभन्दा बढी विदेशी पर्यटक नेपाल भित्रिएका छन्। जनवरीमा हवाई मार्ग भएर १६ हजार ९७५ विदेशी पर्यटक नेपाल आएका हुन् । अघिल्लो सन् २०२१ को सोही महिनामा आठ हजार ८७४ विदेशी पर्यटक नेपाल आएका थिए । जुन अघिल्लो वर्षको सोही महिनाको तुलनामा ९१.३ प्रतिशत बढी हो । जनवरीमा नेपालबाट १७ हजार ९८४ विदेशी बाहिरिएका छन्।

विदेशी मुद्रा आर्जन गर्ने प्रमुख स्रोत विदेशी पर्यटक आवागमनको यो सुधारले पर्यटन क्षेत्रलाई केही हदसम्म सकारात्मक ऊर्जा प्रदान गरेको पर्यटन बोर्डको बुझाइ छ । बोर्डका निर्देशक मणिराज

बाँकी अन्तिम पृष्ठमा ▶▶

## विद्यालय संचालनका लागि सहजिकरण गर्न प्रशासनसँग निजि विद्यालयको आग्रह

**पोखरापत्र संवाददाता**
**पोखरा, २० माघ**

कास्कीका निजि विद्यालय सञ्चालकले विद्यालय सञ्चालनका लागि सहजिकरण गरिदिन सम्वन्धित प्रशासनसँग आग्रह गरेका छन् ।

प्याब्सन कास्की, नेशनल प्याब्सन कास्की, हिसान कास्की र युनिप्स नेपालले सम्वन्धित प्रशाशनमा ज्ञापन पत्र सहित विद्यालय सञ्चलनका लागि सहजिकरण गर्न आग्रह गरेका हुन् । जिल्ला प्रशाशन कार्यालय कास्की, शिक्षा विकास तथा समन्वय इकाई कास्की, पोखरा महानगर पालिका, पोखरा महानगर पालिकाको शिक्षा महाशाखा र स्वास्थ्य महाशाखामा संस्थाका प्रमुखहरुपुगी ज्ञापन पत्र पेश गरेका हुन् । भौतिकरुपमा शैक्षिक संस्था सञ्चालन हुदै गर्दा विद्यार्थीको पठन पाठनमा सुधार आएको तर पुनः वन्द भएका प्रत्यक्ष शिक्षण सिकाइबाट वञ्चित भएका



कारण विद्यार्थीलाई भौतिकरुपमा उपस्थिति जनाई पठन पाठन सहज गराउन ज्ञापन पत्रमार्फत आग्रह गरिएको छ।

लामो समय सम्म विद्यालय वन्द रहदा शिक्षण सिकाइमा असर पर्ने, बैकल्पिक विधिबाट गरिएको पठन पाठन बाट विद्यार्थीको शैक्षिक, सामाजिक, मानसिकलगायत संवेगात्मक विकासमा प्रत्यक्ष प्रभाव परेको, वजार क्षेत्र प्राय सवै खुलेकाले अभिभावकको चाहान पनि विद्यालय खुल्न दवाव दिएको, विद्यालयसँग सरोकार र विद्यार्थीले खोप लगाइसकेको यि विविध कारणले पनि विद्यालय खोल्नु पर्ने ज्ञापन पत्रमा उल्लेख गरिएको छ। उनीहरुले स्वास्थ्यका सम्पूर्ण मापदण्ड पालना गरेर विद्यालय सञ्चालन गर्न तयार रहेको उल्लेख गरेका छन्।

उक्त ज्ञापन पत्र वुझ्दै जिल्ला प्रशाशन कार्यलय कास्कीका सहायक प्रमुख जिल्ला अधिकारी कृष्णचन्द्र पौडेल, पोखरा महानगर पालिकाका मेयर मानबहादुर जिसी, शिक्षा विकास तथा समन्वय इकाई कास्कीका प्रमुख नारायणप्रसाद सुवेदी,पोखरा महानगर पालिका शिक्षा महाशाखाका प्रमुख हेमप्रसाद आचार्य, स्वास्थ्य महाशाखाका प्रमुख हेमन्त शर्मा पौडेलले सवैसँगको समन्वयमा भौतिक रुपमा विद्यालय सञ्चालन गर्न तयार रहेको बताएका थिए।

प्याव्सन कास्कीका अध्यक्ष मथुराप्रसाद पौडेल, नेशनल प्याव्सन कास्कीका अध्यक्ष हेमन्त अधिकारी, हिसान कास्कीका अध्यक्ष याम रोक्का, युनिप्स नेपालका अध्यक्ष सन्तबहादुर गुरुङ, एन प्याव्सन कास्कीका प्रथम उपाध्यक्ष शिवदत्त तिवारी, सचिव मनकाजी गुरुङ, कोषाध्यक्ष रत्ना गुरुङ, प्याव्सन कास्कीका सचिव पुष्पराज पराजुली, युनिप्स नेपालका उपाध्यक्ष विनोद नेपालीको टोली पुगी ज्ञापन पत्र पेश गरेका थिए।




